नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

फोन ४२००३०८, ४२००००० ४२००२८१, ४२००२९७, ४२००२९९, ४२००३२३
फ्याक्स ४२००३२२

पत्र संख्या:- २०७०/७१
चलानी नं.:- १८८

मिति : २०७०।९।२२

विषय: निर्णय कार्यान्वयन एवं जानकारी सम्बन्धमा ।

श्री शाखाहरु सबै
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,
(वातावरण प्रविधि तथा अनुगमन मूल्यांकन शाखा)
श्रीमहल, पुल्चोक ।
श्री जिल्ला विकास समितिको कार्यालय,
सबै (७५) ।
श्री जिल्ला प्राविधिक कार्यालय,
सबै (७५) ।
श्री महा/उपमहा/नगरपालिका कार्यालय,
सबै (५८) ।

प्रस्तुत विषयमा मिति २०७० पौष १४ गते आइतबारका दिन माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूको अध्यक्षतामा यस मन्त्रालय अन्तर्गत आ.व. २०७०।७१ को प्रथम चौमासिक अवधिमा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुको प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठकमा भएका निर्णयहरुको फोटोकपी यसैसाथ संलग्न गरी उक्त निर्णयहरुको कार्यान्वयन एवं जानकारीका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गर्दछु ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

*पुनश्च:- निर्णय बुँदा नं ६ को Focal Person सम्बन्धी विवरण email address : monitoring@mofald.gov.np मा पठाउन हुन अनुरोध छ ।*

बोधार्थ :
श्रीमान् महाशाखा प्रमुखज्यूहरु
महाशाखाहरु सबै
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
श्रीमान् महानिर्देशकज्यू,
स्थानीयं पूर्वाधार विकास तथा कृषि सडक विभाग
पुल्चोक, ललितपुर ।
श्री सूचना प्रकाशन तथा अभिलेख शाखा-संलग्न निर्णय मन्त्रालयको Website मा राखिदिने व्यवस्था हुन ।

## मन्त्रालयस्तर विकास समस्या समाधान समितिको वैठक (MDAC) मा भएका निर्णयहरू :

१) स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ लाई समयानुकुल परिमार्जन गरी अन्य कार्यविधि एवं निर्देशिकाहरुसंग एकरुपता कायम गर्ने ।

२) यस मन्त्रालय अन्तर्गतका सबै निकायहरुलाई आफ्नो बार्षिक विकास कार्यक्रम अनुरुप दोश्रो र तेश्रो चौमासिक सम्ममा लक्ष्य अनुरुपको प्रगति हासिल गरिसक्नका लागि आवश्यक निर्देशन दिने ।

३) यस मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजना/परियोजनाहरुको बजेट व्यवस्थापनमा देखिएको समस्या र चुनौतिहरु पत्ता लगाई सो को समाधानका लागि अर्थ मन्त्रालयसंग यथाशिघ्र आवश्यक समन्वय गरी बजेट व्यवस्थापन गर्ने ,

४) निजामती सेवा ऐनको साविक दफ २४ घ (१) बमोजिम बढुवा व्यवस्थापन भएका कर्मचारीहरुमध्ये यस मन्त्रालयमा पदस्थापनका लागि सिफारिस भएका सबै कर्मचारीहरु यस मन्त्रालयमा हालसम्म पनि हाजिर हुन नआएको कारणले गर्दा गा.वि.स. सचिवको धेरै रिक्त पदहरु पदपूर्ति हुन नसकेको स्थितिलाई मध्यनजर गर्दै यो विषयमा सामान्य प्रशासन मन्त्रालयसंग आवश्यक समन्वय गरी यथाशीघ्र गा.वि.स. सचिवहरुको पदपूर्ति गर्ने व्यवस्था मिलाउने ।

५) स्थानीय निकायहरुको आन्तरिक आय बृद्धिको अवस्था सन्तोषजनक नदेखिएको सन्दर्भमा आन्तरिक आयबृद्धिका लागि कार्ययोजना बनाई सो को कार्यान्वयन गर्न सबै स्थानीय निकायहरुलाई आवश्यक निर्देशन दिने ।

६) Web based Reporting System मार्फत निर्धारित समयमा व्यवस्थित रुपले प्रगति प्रतिवेदन गर्नका लागि मन्त्रालय अर्न्तर्गत सञ्चालित सबै परियोजना/समिति/प्रतिष्ठान/आयोग तथा सम्पुर्ण जिल्ला विकास समितिको कार्यालय तथा नगरपालिकाहरुले अनिवार्य रुपमा जिम्मेवार Focal Person र सहायक Focal Person तोकी मिति २०७० माघ ७ गतेभित्र निजहरुको नाम, पद, सम्पर्क मोबाईल नं., Email Address मन्त्रालयमा पठाउन निर्देशन दिने र मासिक, चौमासिक तथा बार्षिक प्रगती विवरण पठाउने जिम्मेवारी सम्बन्धित Focal person र सहायक Focal Person को हुने ।

शान्तबहादुर श्रेष्ठ
सचिव